आजमिति २०७६ साल कार्तिक २८ गते सुन्दरबजार नगरपालिकाका नगर प्रमुख श्री जनक राज मिश्र ज्यूको अध्यक्षतामा ६४ औ बैठक बस्यो बैठकको उपस्थिति तपशिल बमोजिम रह्यो ।

तपशिल

| सि. नं | नामथर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री जनक राज मिश्र | नगर प्रमुख | |
| २ | श्री ज्ञानु शाह | नगर उप प्रमुख | |
| ३ | श्री तेजराज शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |
| ४ | श्री सूर्य बहादुर दुरा | वडा अध्यक्ष वडा नं १ | |
| ५ | श्री जगत बहादुर खड्का | का. बा.वडा अध्यक्ष वडा नं २ | |
| ६ | श्री अमृत नेउपाने | वडा अध्यक्ष वडा नं ३ | |
| ७ | श्री कृष्ण राज खनिया | वडा अध्यक्ष वडा नं ४ | |
| ८ | श्री ललित गुरूङ | वडा अध्यक्ष वडा नं ५ | |
| ९ | श्री रघुनाथ मिश्र | वडा अध्यक्ष वडा नं ६ | |
| १० | श्री जयराम रेग्मी | वडा अध्यक्ष वडा नं ७ | |
| ११ | श्री कृष्ण कान्त अधिकारी | वडा अध्यक्ष वडा नं ८ | |
| १२ | श्री मोती प्रसाद गुरूङ | वड़ा अध्यक्ष वडा नं ९ | |
| १३ | श्री जय बहादुर अधिकारी | वडा अध्यक्ष वडा नं १० | |
| १४ | श्री प्रेम बहादुर दुरा | वडा अध्यक्ष वडा नं ११ | |
| १५ | श्री भवानी के. सी. | नगर कार्यपालिका सदस्य | |
| १६ | श्री शान्ता भुजेल | नगर कार्यपालिका सदस्य | |
| १७ | श्री शुरेश कुमार दुरा | नगर कार्यपालिका सदस्य | |
| १८ | श्री बुद्ध कुमारी सुवर्णकार | नगर कार्यपालिका सदस्य | |
| १९ | श्री चन्द्रमा घिमिरे | नगर कार्यपालिका सदस्य | |
| २० | श्री राजेन्द्र दर्जी | नगर कार्यपालिका सदस्य | |
| २१ | श्री लक्ष्मी पोंखरेल | नगर कार्यपालिका सदस्य | |
| २२. | श्री विना नेउपाने | का.वा. वडा अध्यक्ष १० | |

## निर्णयहरू

**निर्णय नं. १**

नगरबासीहरूको हितलाई ध्यानमा राखी यस नगरपालिकाले नगरपालिका क्षेत्रमा सार्वजनिक यातायातको रूपमा संचालन गर्ने गरी खरिद गरीएका नगर वसहरूको हालको नम्वर ग.१.ग. २०२ र ग.१.ग. २०३ सवारीको किसिम सरकारी भनी दर्ता भै आकोले सेतो प्लेट कायम गरी शुल्क उठाउन नमिल्ने भएको हुदाँ उक्त बसहरू भाडा प्रयोजनार्थ कालो नम्वर प्लेट कायम गरिदिन र सोको पञ्जिकरण यस नगरपालिकाको नाममा गरी रूटपरमिट प्रदान गरिदिन सम्वन्धित यातायात व्यवस्था कार्यालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

यस नगरपालिकाको मिति २०७६।०५।२६ मा प्रमाणित नगर बस संचालन कार्यविधि २०७६ को परिच्छेद ३ बुदा ४ क पछि निम्न वाक्यंश थप गर्ने " उक्त भाडा दर नेपाल सरकारले तोकेको भाडा दर भन्दा बढी हुने छैन ।"

**निर्णय नं. ३**

न्यायिक समितिका पदाधिकारी तथा मेलमिलापकर्ताको क्षमता अभिवृद्धि गर्न मेलमिलाप सम्वन्धि तालिम संचालन गर्नको लागि जनप्रतिनिधि क्षमता विकास शिर्षकबाट रू३०००००।०० बजेट विनियोजन गर्ने ।

**निर्णय नं. ४**

सुन्दरबजार नगरपालिकाद्धारा यस नगरपालिमामा कार्यरत अधिकृत स्तरका कर्मचारी तथा जनप्रतिनिधिहरूको लागि निर्णय गरेको थप सेवा सुविधाको निर्णयका विषयमा पुनर्विचार गरी दिइएको सुविधा (आवास तथा आवासीय खर्च) सवालमा नगरपालिका कार्यालय संचालनलाई थप व्यवस्थित गर्ने अभप्रायले आवासको उचित व्यस्थापन गर्ने तथा आवासीय अति आवश्यकीय खर्च नगरपालिकाले मितव्ययिताको सिद्धान्त अनुसार व्यवस्थापन गर्ने ।

**निर्णय नं. ५**

सडक बोर्डबाट विनियोजित रू३०,०००००।०० (अक्षेरूपी तिस लाख) र नगरपालिकाको साझेदारी रू ९०,००००।०० (अक्षेरूपी नौ लाख) गरी कुल रू ३९००००।०० (उन्चालिस लाख) बजेटबाट तेह्रमुरे चौतारा सालीमर्याङ हुँदै सिउडिवार बाटो मर्मत तथा स्तरउन्नति गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

यस नगरपालिकाको अधिकारक्षेत्र भित्रका खोलाहरूबाट ढुङ्गा, गिटि, बालुवा उत्खनन गरी विक्रिवितरण गर्न दरभाउपत्र आव्हान गरिएकोमा तोकिएको मितिमा कसैको पनी दरभाउपत्र पेश नभएको हुदाँ अर्को व्यवस्था नभएसम्म प्रचलित दररेटमा नवढ्ने गरी नगरपालिकाको नगदी रसिद प्रयोग गरेर संवन्धित वडा कार्यालय मार्फत ढुङ्गा, गिटि, बालुवाको राजश्व संकलन गर्ने र उठेको राजश्वको वढिमा २५प्रतिशत सम्मको रकम संकलन गर्ने व्यक्ति वा फर्मलाई पारिश्रमिक/ प्रोत्साहन स्वरूप उपलव्ध गराउने ।

तेजराज शर्मा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ७

यस नगरपालिकाका वडा नं. ४ चरघरे दुराडाडाँ निवासी हरिकृष्ण अधिकारीले आर्थिक सहयोग उपलव्ध गराईपाउ भनी पेश गरेको निवेदन उपर छलफल हुदाँ निजलाई रू १५०००।०० (अक्षेरूपी पन्ध्र हजार) आर्थिक सहायता शिर्षकबाट उपलव्ध गराउने ।